जैमिनी नगर कार्यपालिकाको

बैठक संख्या २९

## कार्यपालिका बैठकका कार्यसूची

## मिति २०८०।११।३० गते

१. गत बैठकको समिक्षा ।

२. हाल सम्मको आय व्यय सार्वजनिक ।

३. स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति गठन ।

४. बालमैत्री स्थानीय शासनको स्थानीयकरण गरिएका सूचक तथा आचारसंहिता अनुमोदन सम्बन्धमा ।

५. आवास विहिनहरुका लागि आवास उपलब्ध गराउन पहिचान र छनौट सम्बन्धी स्थलगत अध्ययन कार्यदल गठन सम्बन्धमा ।

६. कानूनी परामर्श सेवा खरिद गर्ने सम्बन्धमा ।

७. वडागत फूटकर योजना सम्बन्धमा

८. एक विद्यालय एक उत्पादन कार्यक्रम वितरण सम्बन्धमा ।

९. विद्यालय स्तरीय परिक्षाहरुको अनुगमन सुपरीवेक्षण सम्बन्धमा

१०. नगस्तरीय पशु परियोजनाको अध्ययन कार्यदल गठन सम्बन्धमा ।

११. हाँडिकोट मेला सम्बन्धमा ।

१२. विविध

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

2080/11/30
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

च. नगरपालिकामा रहेका उत्पादनमा आधारित सहकारीहरु मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि साना किसान कृषि सहकारी संस्था जैमिनी ४

छ. नगरपालिकामा रहेका बैंकहरु मध्येबाट संयोजकले तोकको एक जना प्रतिनिधि राष्ट्रिय बाणिज्य बैंक शाखा कुश्मिसेरा

ज. नगरपालिकामा सबै भन्दा बढी रोजगार प्रदान गर्ने उद्यमी एक जना बम बहादुर वि क जैमिनी १०

झ. प्रमुख प्रशासकीय अधिकृत  सदस्य सचिव

निर्णय नं ४

नगरपालिकाकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने उदेश्यले विभिन्न चरणको छलफल र अन्तरक्रियाबाट प्रतिवेदनको रुपमा पेश भएका बाल मैत्री स्थानीय शासनका स्थानीयकरण गरिएका सूचकहरुको अनुमोदन गरि सूचकहरु र स्थानीय तहको आचार संहिता कार्यान्वयन गर्ने /गराउने निर्णय गरियो ।

निर्णय नं ५

आवास विहिनहरुको लागि आवास उपलब्ध गराउने सम्वन्धी कार्यविधि अनुसार लाभग्राही पहिचान र छनौट गर्न निम्नानुसारको स्थलगत अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक भरत वि.क कार्यपालिका सदस्य

सदस्य चिन्तामणी दर्जी  कार्यपालिका सदस्य

सदस्य गिता वि क  कार्यपालिका सदस्य

सदस्य विवेक सापकोटा ईन्जिनियर

सदस्य सचिव विष्णु प्रसाद शर्मा अधिकृत सातौ

जैमिनी नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

२०८० /११/३०
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं ६

नगरपालिकाको प्रमुख आन्तरिक आम्दानीको स्रोत काली गण्डकीको ढुङ्गा गिटि बालुवा उत्खनन् मा अदालत बाट भएको रोक्का गर्ने आदेश नेपालको संविधान र स्थानीय सरकार सञ्चालन एन २०७४ विपरित वदरभागी भएकाले सो सम्बन्धी कानूनी प्रक्रिया मार्फत न्यायिक निरुपण गर्नु पर्ने भएको र कार्यालय सँग कानूनी जनशक्ति नभएकाले परामर्श सेवा शिर्षकबाट रु १०००००। विनियोजन गरि कानूनी परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं ७

जैमिनी नगरपालिकाको आ.ब.२०८०।८१ को मिति २०८०।०९।२७ को नगर सभाबाट प्रत्येक वडाहरुमा थप रु.२,०००,००।-विनियोजन भएकोमा वडागत निर्णयका आधारमा छनौट भएका तपशिल बमोजिमका योजनामा खर्च गर्ने निर्णय अनुमोदन गरियो ।

| वडा नं. | क.स. | आयोजनाको नाम | विनियोजित रकम(रु.) |
|---|---|---|---|
| १ | १ | बगरफाँट सिचाँई कूलो निर्मण | १००००० |
| | २ | सिरबारी चौतारी निर्माण | ५०००० |
| | ३ | कुखुरेडाँडाँ सत्तल निर्माण | ५०००० |
| २ | १ | स्वास्थ्य स्वयंसेवीका तथा महिला समुहलाई सामग्री व्यवस्थापन | ५०००० |
| | २ | दराउदीं कुवा तथा कुर्दी कुलो मर्मत | ३५००० |
| | ३ | वडा कार्यालय किचन व्यवस्थापन | ३५००० |
| | ४ | डाँडाँबारी/ गणवास गोरेटोबाटो मर्मत | ५५००० |
| | ५ | आहाल बाड किटेनी खानेपानी टंकी | २५००० |
| ३ | १ | शैक्षिक गुणस्तर वृद्धिका लागि उत्पादनमुलक कार्यक्रम | ५०००० |
| | २ | छन्त्याल संघको भवन बुढिखर्कमा शौचालय निर्माण | ५०००० |
| | ३ | भरतपुरी मावि शौचालय जाने सिढीं निर्माण | ५०००० |
| | ४ | बाघखोर खानेपानी तथाद सरसफाइ आयोजनामा लिफ्टिङका लागि विद्युत जडान | ५०००० |

जैमिनी नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

२०८०/११/२०

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४ | १ | दिव्यज्योति प्रा.वि. | २०००० |
| | २ | सोलार मर्मत | ३५००० |
| | ३ | सर्कुवा स्वास्थ्यचौकी | ४५००० |
| | ४ | गाँव मैदान प्रतिक्षालय | २०००० |
| | ५ | खाल्टेपानी थापा बिरौटा थापाखेत मोटरबाटो | ५०००० |
| | ६ | साइफन, साइफन पाइप,ड्रम खरिद | ३०००० |
| ५ | १ | तिलेनी रिठेडाँडा पर्यटकीय पदमार्ग | २००००० |
| ६ | १ | कालीगण्डकी कोरिडोर देखि वडा नं.६ को सिमानासम्म सडक स्तरोनन्ति | २००००० |
| ७ | १ | सतिढुङ्गा माविको लागि फर्निचर निर्माण तथा व्यवस्थापन | २००००० |
| ८ | १ | मैयान घुम्ती तथा चौडिला घुम्ती सुधार | ५०००० |
| | २ | जनकल्याण मा वि व्यवस्थापन | १००००० |
| | ३ | धुस त्याङ सिचाँई कूलो मर्मत | ५०००० |
| ९ | १ | मुलाबारी पावरहाउस बिजुवा सिचाँई कूलो निर्माण | १००००० |
| | २ | वडा कार्यालय परियार टोलसम्म नाली सहितको ढलान बाटो निर्माण | १००००० |
| १० | १ | केवै खानी धुस सडक निर्माण | १००००० |
| | २ | गोष्ठी अर्मटुडी गोरेटो बाटो निर्माण | १००००० |

## निर्णय नं ८

आ.ब २०८०।०८१ को बार्षिक नगर विकास योजनामा समावेश एक विद्यालय एक उत्पादन कार्यक्रम श्री सर्वोदय जनक मा वि वडा नं ५ विनामारेमा कार्यान्यिन गर्ने निर्णय गरियो ।

## निर्णय नं ९

मिति २०८०।१२।४ गतेबाट सञ्चालन हुने विद्यालय स्तरीय परिक्षाको अनुगमन र सुपरीवेक्षण वडास्तरमा वडा शिक्षा समिति र नगरस्तरमा नगर शिक्षा समिति मार्फत गराई स्वस्थ्य शान्त वातावरणमा परिक्षा सञ्चालनको व्यवस्था गर्ने निर्णय गरियो ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

२०८०।११।३० ... बहादुर भुजेल प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १०

जैमिनी प्रवर्तनशालाको प्रस्ताव स्वीकृत गरि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ११

जैमिनी नगरपालिकाको समेत लागत साझेदारीमा स्थापित नगर स्तरीय पशु परियोजनाको वस्तुगत स्थितिको जानकारी लिई सञ्चालन सम्भाव्यता अध्ययन गरि प्रतिवेदन गर्न निम्नानुसारको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक आर्थिक विकास समिति संयोजक श्री चक्र बहादुर थापा

सदस्य वडा अध्यक्ष श्री ठग बहादुर थापा क्षेत्री

सदस्य वडा अध्यक्ष श्री प्रेम सापकोटा

सदस्य सिनियर सब इन्जिनियर श्री रामकृष्ण पौडेल

सदस्य आर्थिक विकास समिति सदस्य शान्ति सुनार

सदस्य योजना शाखा प्रमुख श्री प्रेम सापकोटा

सदस्य सचिव पशु सेवा शाखा प्रमुख श्री कृष्ण प्रसाद ढकाल

निर्णय नं १२

जैमिनी नगरपालिकाको वडा नं १० हाडिकोटमा मिति २०८०।१२।७ देखि १२ गते सम्म सञ्चालन हुने पाँचौ हाँडिकोट महोत्सव सञ्चालनका लागि हाँडिकोट सामुदायिक विकास केन्द्र जैमिनी १० राङखानीबाट सहयोग प्रस्ताव माग भई आएकाले उक्त महोत्सवका लागि मेला महोत्सव शिर्षकबाट रु ३०००००।- उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त मेला स्थल सम्म पुग्ने चैतेपानी देखि माथि धुरी सम्मको

जैमिनी नगर कार्यपालिकाको कार्यालय कुस्मीसेरा, बागलुङ २०७३

२०८०/११/२८
... बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

मोटरबाटोको सरसफाई गर्नु पर्ने समेत भएकाले नगर स्तरीय सडक सरसफाई शिर्षकबाट पूर्वाधार विकास समितिको निर्णयानुसार रु ४००००।- रुपैयाँ उपलब्ध गराउने निर्णयलाई अनुमोदन समेत गरियो ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

प्रमुख प्रशासकीय अधिकृत